'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ अंक : १८५ शनिवार १७ फागुन, २०८१ 01 (Saturday) March 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## नेपालगन्ज भन्सारमा पेट्रोलियम पदार्थबाट सबैभन्दा बढी राजस्व संकलन

■ सरला सुवेदी

नेपालगन्ज, फागुन/१६




नेपालगन्ज भन्सार नाकाबाट संकलित राजस्वमा सबैभन्दा ठूलो हिस्सा पेट्रोलियम पदार्थको रहेको छ । चालु आर्थिक वर्षको पहिलो सात महिनामा नेपालगन्ज भन्सार कार्यालयले १० अर्ब ९५ करोड ४१ लाख ८४ हजार रुपैयाँ राजस्व संकलन गरेको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा ११ प्रतिशत बढी हो । नेपालगन्ज भन्सार कार्यालयका सूचना अधिकारी तथा भन्सार अधिकृत पवित्रकुमार खड्काका अनुसार चालु आर्थिक वर्षको साउनदेखि माघसम्म १५ अर्ब १५ करोड ३१ लाख ८० हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य थियो, जसको ७२.२९ प्रतिशत प्राप्त भइसकेको छ । यात्रु शाखाबाट मात्रै दैनिक साढे दुई लाख रुपैयाँ राजस्व संकलन भइरहेको छ भने सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थबाट उठेको छ। गत आर्थिक वर्षमा २८ अर्ब बढी राजस्व संकलनको लक्ष्य राखिएको थियो तर १८ अर्ब रुपैयाँ मात्रै संकलन हुन सकेको थियो । यद्यपि, चालु आर्थिक वर्षका लागि पुनः २७ अर्ब राजस्व संकलनको लक्ष्य निर्धारण गरिएको छ । प्रमुख राजस्व संकलन हुने वस्तुहरूमा पेट्रोलियम पदार्थ, शुद्ध फलाम, चामल, आलु, टायल, स्टील वायर, सुपारी, भटमासको पीना, एमएस बिलेट, अलकत्रा, फलामे पत्रु र तयारी कपडा आदि छन् । नेपालबाट जडीबुटी लगायतका वस्तु भारततर्फ निर्यात हुने गरेको छ । चालु आर्थिक वर्षको साउनमा लक्ष्यको ७४ प्रतिशत, भदौमा ६७ प्रतिशत, असोजमा ६७ प्रतिशत, कात्तिकमा ७६ प्रतिशत, मंसिरमा ७६ प्रतिशत, पुसमा ७१ प्रतिशत र माघमा ७५ प्रतिशत राजस्व संकलन भएको छ। भन्सार कार्यालयका अनुसार प्रत्येक आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा करिब १० अर्ब बढी राजस्व संकलनको लक्ष्य निर्धारण गरिने भएकाले सो लक्ष्य प्राप्त गर्न कठिन हुने गरेको छ।

## सिमकोट गाउँपालिकाका ७३८ जना किशोरीलाई एचपिभी खोप लगाइने

■ नमस्ते समचारदाता

हुम्ला, फागुन/१६



पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियानमा सिमकोट गाउँपालिकाका ७३८ जना लक्षित किशोरीलाई खोप लगाइने भएको छ । जिल्लामा फागुन १८ गतेबाट सो अभियान सुरु हुनेछ । जनप्रतिनिधि, प्रधानाध्यापक, सञ्चारकर्मी र अन्य सरोकारवाला पक्षलाई एचपिभी खोप अभियानबारे जानकारी दिने कार्य भएको स्वास्थ्य शाखाका प्रमुख नर बहादुर भण्डारीले बताए । सिमकोट गाउँपालिकाका १३ वटा खोप केन्द्र रहेका विद्यालय र पाँच वटा स्वास्थ्य संस्था ठेहे, बरगाउँ, डाँडाफया, स्याँडा स्वास्थ्य चौकी र माथिल्लो गाउँ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा लक्षित वर्गका किशोरीलाई खोप लगाइनेछ । जसमा कक्षा ६ देखि दशसम्म ७०४ र दशदेखि १४ वर्ष उमेरका ३४ जना किशोरी जो विद्यालयबाहिर छन् । उनीहरूलाई खोप लगाइनेछ । यसका लागि स्वास्थ्यकर्मी, स्वयंसेविका र शिक्षक छनोट गर्ने कार्य भइरहेको छ। यो अभियान जिल्लाकै लागि सिमकोट गाउँपालिकाको बालमन्दिर माविबाट सुरु हुनेछ। र, फागुन २९ गतेसम्म खोप लगाइनेछ । नाम्खा गाउँपालिकामा भने पछि सञ्चालन हुनेछ। खोप सुरक्षित हुन्छ, खोप निःशुल्क पाइन्छ र खोपले जीवन रक्षा गर्छ भन्ने आदर्श बाक्यको स्लोगन पनि अभियानका क्रम प्रचार गर्ने पोष्टरमा राखिएको छ । कार्यक्रममा सिमकोट गाउँपालिकाका अध्यक्ष बिजय भण्डारीले यसलाई अभियानका रुपमा लागेर सहयोग गर्नुपर्ने बताए। खोपविरुद्ध चालिएका हल्ला निराधार भएको भन्दै विद्यालयबाहिर रहेका किशोरीलाई खोजी-खोजी खोप लगाउने कार्यमा सवै लाग्नुपर्ने बताए । उपाध्यक्ष सुशीला रोकाया भामले राज्य ठूलो लगानी गरेर अभियान सञ्चालन गरिरहेको बेला स्थानीय स्तरमा पनि सवैको सहयोगको आवश्यक्ता रहने बताइन् । किशोरी लाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप लगाउने कार्य सकारात्मक रहेको उनको भनाइ छ । मानसरोवर नमुना माविका प्रधानाध्यापक अमर बहादुर शाहीले विद्यालय यो राष्ट्रिय अभियानमा सहयोग गर्न तयार रहेको बताए। कार्यक्रममा प्रमुख भण्डारीले खोपको अवस्थाका बारेज प्रस्तुतीकरण गरेका थिए।

## अर्घाखाँची धार्मिक पर्यटनको केन्द्र बन्दै: मुख्यमन्त्री आचार्य

■ नमस्ते समचारदाता

अर्घाखाँची, फागुन/१६



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले अर्घाखाँची जिल्लामा धार्मिक पर्यटकहरूको आकर्षण बढ्दै गएको बताउनुभएको छ । सुपा देउराली मन्दिर संरक्षण समितिको १३औं साधारण सभाको शुक्रबार उद्घाटन गर्दै उहाँले धार्मिक पर्यटन प्रवर्द्धनका लागि डिजिटल प्रविधिको उपयोग गर्नुपर्नेमा जोड दिनुभयो । 'अर्घाखाँची धार्मिक, सांस्कृतिक र पर्यटनको दृष्टिकोणले अपार सम्भावना बोकेको जिल्ला हो । यहाँ पाणिनि तपोभूमि, अर्घा दरबार, मालारानी, बलकोट पौवा, सिद्धेश्वर मन्दिर जस्ता ऐतिहासिक तथा धार्मिक स्थलहरू छन् । सुपा देउराली मन्दिरमा वार्षिक लाखौं भक्तजन आउने गरेका छन्, व्यवस्थित प्रचारप्रसार गर्न सकियो भने धार्मिक पर्यटन अझ विस्तार गर्न सकिन्छ'मुख्यमन्त्री आचार्यले भन्नुभयो,'धार्मिक पर्यटकहरु आकर्षित हुदै गएको पाएका छौं । थप व्यवस्थित गरेर अघि बढ्न जरुरी छ।' उहाँले डिजिटल युगमा धार्मिक पर्यटकीय क्षेत्रहरूको प्रचारप्रसारलाई प्रविधिसँग जोड्न आवश्यक रहेको उल्लेख गर्नुभयो। 'हामीले सुपा देउरालीका गतिविधि तथा प्रगतिलाई दैनिकरूपमा सार्वजनिक गर्नुपर्छ । एउटा डिजिटल पेज बनाएर हरेक दिनको विवरण अद्यावधिक गर्ने प्रणाली विकसित गरिनुपर्छ,'उहाँले भन्नुभयो- 'देश/विदेशमा अर्घाखाँचीलाई चिनाउन र पर्यटक भित्र्याउन मद्धत पुग्छ।' मुख्यमन्त्री आचार्यले सुपा देउराली मन्दिरलाई थप व्यवस्थित बनाउन आवश्यक रहेको बताउँदै सफाइ, सुरक्षा र व्यवस्थापनमा सुधार गर्न निर्देशन दिनुभयो । उहाँले सफाइ कर्मचारीको व्यवस्था गर्न, भेटी संकलनको पारदर्शी उपयोग गर्न र मन्दिरको गुरुयोजना निर्माण गरी अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । 'संकलित भेटी मन्दिरको सौन्दर्यकरणमा खर्च गर्नुपर्छ' उहाँले भन्नुभयो,'ठूला निर्माणका नाममा बजेट छरपष्ट गर्नु हुँदैन । पूर्वाधार निर्माणको जिम्मेवारी सरकारले लिन्छ, समितिले गुरुयोजनाका आधारमा काम गर्नुपर्छ ।' मुख्यमन्त्री आचार्यले अर्घाखाँचीको धार्मिक पर्यटनलाई थप प्रवर्द्धन गर्नुपर्ने बताउँदै पाणिनि सम्मेलन आयोजना गर्न लागेको जानकारी दिनुभयो । 'देशभित्र र बाहिरका धर्मगुरुलाई यहाँ ल्याएर पाणिनि सम्मेलन गर्दै छौं' उहाँले भन्नुभयो,' पतञ्जलि ऋषि यही पवित्र भूमिमा जन्मनुभएको हो, यसको प्रचारप्रसार पनि सन्तोषजनक रूपमा हुन सकेको छैन । यसलाई प्राथमिकतामा राखेर अघि बढ्न जरुरी छ । मुख्यमन्त्री आचार्यले धार्मिक पर्यटकहरूको आगमन बढाउने हो भने योजनाबद्ध रूपमा काम गर्न आवश्यक रहेको बताउँदै व्यवस्थित प्रचारप्रसार गर्न सके वर्षको १५-२० करोड रुपैयाँ आम्दानी गर्न धारणा राख्नु भयो। गुरुयोजनाले तोकेको निर्माण कार्य गर्न अब अरू कसैको मुख ताक्नुपर्ने अवस्था नरहने भन्दै धार्मिक पर्यटनको दीर्घकालीन सम्भावनामा जोड दिनुभयो। कार्यक्रममा प्रदेश सभा सदस्य रामजीप्रसाद घिमिरे, जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइराला, शितगंगा नगरपालिकाका प्रमुख छविलाल पौडेल लगायतले धारणा राख्नु भएको थियो । समितिका अध्यक्ष फर्स बहादुर खत्रीको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको सहजीकरण हरि खनालले गर्नु भएको थियो।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# शिक्षालाई दलमुक्त बनाऔँ

**रमेशप्रसाद गौतम**


रमेशप्रसाद गौतम

> शिक्षकले पढाउने विषयमा नयाँ, ज्ञान, सिप तथा प्रविधिको प्रयोग गर्नु पर्छ। अनि मात्र विद्यार्थीले शिक्षकको पढाइप्रति रुचि दर्शाउँछन्। शिक्षकले विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा जनप्रतिनिधिसँग सकारात्मक संवाद गर्न आवश्यक छ। शिक्षक आफूले पढाउने विषयमा कत्तिको जान्ने छ ?

शिक्षालाई दलीय राजनीतिबाट पृथक् राख्नु पर्छ भन्नेमा सबैको सहमति हुन्छ । शिक्षक राजनीतिक दलमा सक्रिय हुन नहुने सर्वोच्च अदालतले समेत स्वीकारेको छ । सरकारले शिक्षा ऐनमा शिक्षक वा प्राध्यापकले राजनीतिक दलमा सक्रिय हुन नपाउने विषयलाई अझै किटान गर्न सकिरहेको छैन । प्राध्यापक र शिक्षक राजनीतिक दलमा सक्रिय हुन नपाउने व्यवस्था शिक्षा ऐनमै उल्लेख होस् भन्ने विषय जोडतोडका साथ उठिरहेको छ । शिक्षा क्षेत्रलाई सेवामूलक बनाउनुपर्ने र विद्यालय शिक्षाको अधिकार स्थानीय तहमै र हनुपर्ने सुझाव विषय हालै राजधानीमा भएको शिक्षाविद्को भेलाले दिएको थियो । शिक्षकले विद्यार्थीलाई प्रदान गर्ने सेवा उत्कृष्ट, सम्मानित र जन विश्वास योग्य हुनु पर्‍यो । कुनै गुट, उपगुट, राजनीतिकवाद र प्रतिवादको सोचबाट माथि उठ्नु पर्यो । हरेक शिक्षकले सिकाइ उपलब्धि वृद्धि गर्न विद्यालय वातावरणलाई सुरक्षित एवं विद्यार्थीमैत्री बनाउने सोच लिएर शिक्षालयमा प्रवेश गरेको हुनु पर्छ । विद्यालयमा विद्यार्थी केन्द्रित सिकाइ वातावरण सिर्जना गरी त्यहाँका हरक्रियाकलापमा समुदाय र अभिभावकलाई संलग्नता गराइनु पर्छ । कुनै राजनीतिक दलवादी शिक्षक भएमा गैरदलीय विचारका विद्यार्थी वा अभिभावकलाई स्वीकार्य हुँदैन । एउटा दलको शिक्षक भएमा त्यहाँ अन्य दलका विचार राख्ने विद्यार्थी वा अभिभावक हुन सक्छन् । त्यो अवस्थामा विद्यालयमा द्वन्द्व निम्तिन सक्छ । यसर्थ विद्यालय राजनीतिक दलीय क्रियाकलापबाट टाढा रहनु जरुरी छ । विद्यालयका शिक्षक हुन् वा विश्वविद्यालयका प्रध्यापक, तिनलाई दलीय राजनीतिबाट रोक लगाउँदा शैक्षिक वातावरण अनुकूल हुने छ । विद्यालय शिक्षामा विश्वविद्यालय शिक्षाको ठुलो प्रभाव परेको हुन्छ । यसर्थ शिक्षा सुधार र परिवर्तनका कुरा गर्दा माथिदेखि नै सुधार भएर आउनु पर्छ । शिक्षाको जग प्राथमिक तह नै हो । यसर्थ शिक्षाको आधार पनि प्रारम्भिक तहबाटै खडा गर्नु पर्छ । हाम्रा शिक्षक माथिका विश्वविद्यालयमा शिक्षकको गतिविधिलाई अनुशरण गर्न खोज्छन् । प्राज्ञिक क्षेत्रलाई राजनीतिबाट मुक्त राखी गैरनाफामूलक बनाइनु पर्छ । शिक्षालाई वैज्ञानिक, व्यावसायिक र रोजगारमूलक बनाउनु जरुरी छ । हुन त शिक्षाले कहिलेसम्म रोजगारी सिर्जना गर्छ त्यो सहजै भन्न सकिने कुरा भएन। व्यावसायिक र रोजगारमूलक शिक्षा प्रदान गरेमा बेरोजगारीको समस्या कम हुँदै जाने छ । शिक्षा क्षेत्रको सुधारबिना उपरोक्त कुरा सम्भव देखिँदैन । हुन त हाल मुलुकको जनसंख्या संरचना बदलिएको पाइन्छ । जनसंख्या वृद्धिदर घट्दो छ, त्यसमा पनि युवा भन्दा वृद्धवृद्धाको संख्या बढी देखिन्छ । काम गर्ने जमातको अभावमा भोलि देशले अर्को जटिल समस्या बेहोर्न पर्ने हुन्छ । आज अधिकांश युवा विदेश पलाएन भइरहेका छन् । ती युवा विदेशमा स्तरय शिक्षा पाउने आशामा नै गएका हुन् । बिदेसिएका युवा पढाइ सकेर त्यतै अड्किएर बस्ने गरेका छन्, किनकि उनीहरूलाई जुन देशमा गएको हो त्यही देशले अड्काएर राख्छ । गएदेखि नै आफूले प्रयोग गरेको सुविधाको किस्ताले त्यसै बस्न विवस बनाउँछ । जुन देशमा हाम्रा होनहार प्रतिभा पलाएन भएका छन्, ती देशले विश्वलाई नै उपनिवेश बनाएर शक्ति र समृद्धि जोगाएरै राखेका छन् । तिनै देश ज्ञान र सिप निर्माणमा अगुवा ठहरिएका छन् । विगत ३५ वर्षमा नेपालमा ठुला ठुला राजनीतिक परिवर्तन भए । मुलुकको विकास निर्माणको पाटो सधैँ पछाडि पर्‍यो । राजनीतिक र प्रशासकीय वृत्तमा पनि परिवर्तन आउन सकेन । पछिल्लो समय त दोष जति शिक्षालाई दिन कोही पछि परेनन् । हुन त शिक्षालाई नियमित उद्यमशीलता तर्फ उन्मुख गराउन सकिएन । फलस्वरूप देशमा औद्योगिकीकरण भएन । युवा जनशक्तिलाई रोजगारीका अवसर जुटेनन् । त्यसैले त देशको उर्वर युवा शक्ति पलाएन बढ्दो छ । अब पनि उद्यमशील शिक्षामा ध्यान नदिने हो भने देश धेरै पछाडि पर्ने छ । आज हाम्रा युवा जनशक्ति अवसर पाए अझै देशमा जागिर खाने थिए, नपाएरै विदेश गएका हुन । यथास्थितिमा पुरातनवादी सैद्धान्तिक ज्ञानको घोकाइको बाहुल्य रहेको शिक्षा व्यवस्थाले दीक्षित गरेका वा सिकाएका ज्ञानले कसरी सिपयुक्त र उद्यमशील वन्ने ? विद्यालय शिक्षामा उद्यमशीलतासम्बन्धी सिप सिकाइको आवश्यकता छ । यसलाई क्रमैसँग उच्च शिक्षासम्म लैजानु जरुरी छ। अनि तिनले आफैँ अवसरको खोजी गर्ने र स्वउद्यम सञ्चालन गर्ने सोचको विकास गर्ने छन्। शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई उत्पादन र उत्पादनलाई बजारसँग जोडेर स्वावलम्बी नागरिक बनाउने शिक्षा नै आजको खाँचो हो। विद्यालयमा विद्यार्थीलाई ध्यान दिएर पढाउने आफ्ना विद्यार्थीको गृहकार्य परीक्षण गर्ने, तिनलाई राम्रो बाटो देखाउने, पाठ्यपुस्तकका साथै अन्य राम्रा नयाँ नौलो विषयका बारेमा ज्ञान दिने नबुझेका कुरा बुझाउने सिर्जनशीलता उन्मुख गराउने व्यक्ति नै राम्रो शिक्षक हो । यस्ता शिक्षकले विद्यार्थीलाई राम्रोसँग चिन्ने र उसको मन बुझ्ने गरी व्यवहार गर्ने हो । शिक्षकले विद्यार्थीलाई जस्तो ज्ञान दियो त्यस्तै बन्ने हुन् । समाज, विद्यालय परिवारले राम्रो र सही ज्ञान र सिप सिकाउन सक्यो भने विद्यार्थी गुणी र उद्यमी बन्न सक्छ । विद्यार्थीले विद्यालय, समाज आइपरेको वातावरण साथीभाइ, त्यहाँको संस्कार, संस्कृति, शिक्षा दीक्षा, रीतिरिवाज जे जस्तो उसले देख्छ, सिक्छ त्यही नै उसमा प्रतिविम्बित हुने हो । समाजभन्दा अब्बल नागरिक भेटिन कठिन हुन्छ। आजको प्रविधिले नियमन गरेको समाज निकै जटिल भइसकेको छ। ज्ञानको भण्डार रफ्तारमा बढी रहेको छ । आजका विद्यार्थी र हिजोका विद्यार्थीमा ठुलो अन्तर छ। हरेक विषयको सोचाइ, गराइ, बुझाइमा निक्कै अन्तर छ । ज्ञानको स्रोतको भण्डारै फरक छ। हिजो स्रोत शिक्षक थिए, आज ज्ञानको स्रोत अनेक छन् । यसरी समय बदलिएको छ । तरिका बदलिएको छ । शिक्षकले पढाउने विषयमा नयाँ, ज्ञान, सिप तथा प्रविधिको प्रयोग गर्नु पर्छ। अनि मात्र विद्यार्थीले शिक्षकको पढाइप्रति रुचि दर्शाउँछन् । शिक्षकले विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा जनप्रतिनिधिसँग सकारात्मक संवाद गर्न आवश्यक छ। शिक्षक आफूले पढाउने विषयमा कत्तिको जान्ने छ ? नयाँ नयाँ प्रविधिसँग आफूलाई कसरी जोड्ने गरेको छ ? यसका लागि चाहिने आवश्यक तालिम, सेमिनार र विज्ञसँगको छलफल सुझाव लिने गरेको छ ? आदि जस्ता विषयको दायित्वबोध हुनु जरुरी छ । शिक्षाको बृहत् अर्थ कमजोरीलाई बुझेर सो अनुसार सुधार तर्फ जाने हो । हाम्रा साना कक्षाबाट कमजोर भएको सिकाइ माथिल्लो कक्षामा गएर कसरी सुधार हुन सक्छ ? अङ्क थप गर्दै कक्षा चढाउने, सिकाइ थप नहुने हाम्रो कक्षान्नोति प्रथाले के सुधार गर्‍यो ? यस्ता विषयमा शिक्षण सिकाइको अभ्यासलाई नै जोडदिने गर्नु पर्छ । सानो कक्षामा सुधार प्रयास नगर्नु एकै चोटि १० कक्षामा नतिजा सुधारको प्रयासले सफलता हाल लाग्दैन । शिक्षालाई वैज्ञानिक, व्यावसायिक, सिपयुक्त र रोजगारीमा आधारित नबनाई शिक्षाको प्रयोजन देखिँदैन, त्यस कारण पनि शिक्षालाई दलीय राजनीतिबाट मुक्त राख्न जरुरी छ। *–गोरखापत्र*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

सान्नीत्रिवेणी गाउँपालिका
कालिकोट

# विपत् न्यूनीकरणमा पत्रकारको भूमिका महत्वपूर्ण

■ नमस्ते समचारदाता

धनगढी, फागुन/१६



सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्कीले विपत् जोखिम न्यूनीकरणमा पत्रकारको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ। धनगढीमा 'विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जोखिम सञ्चारमा मिडियाको भूमिका' विषयक कार्यक्रम उद्घाटन गर्दै उहाँले विपत् जोखिम न्यूनीकरणका लागि पत्रकारको थुप्रै भूमिका रहेको बताउनुभयो। मन्त्री सार्कीले भन्नुभयो, "विपत् र विपत् जोखिम न्यूनीकरण सम्बन्धमा समुदायलाई सजग गराउनेदेखि लिएर सरकारलाई घचघच्याउने कार्य पत्रकारले गर्नु पर्छ।" विपत् जुनसुकै बेला आउन सक्ने भएकाले विपत्को सामनाका लागि सक्षम हुन पत्रकारमार्फत सहयोग पुग्ने मन्त्रीको विश्वास छ। उहाँले विपत् जोखिम न्यूनीकरणसम्बन्धी सूचना प्रवाहलाई सशक्त बनाउने भूमिका पत्रकारको रहेको उल्लेख गर्नुभयो। "सरकार र मौसम विज्ञान विभागले सचेत गर्छन् तर कतिपय अवस्थामा समुदायले नपत्याउँदा क्षति भइरहेको छ," मन्त्री सार्कीले भन्नुभयो, "यस्तो अवस्थामा मिडियाको भूमिका निकै महत्वपूर्ण छ।" उहाँले सुदूरपश्चिम प्रदेश विभिन्न विपत्को उच्च जोखिममा रहेको बताउनुभयो। मन्त्री सार्कीले विपत्बाट धनसम्पत्तिको क्षति न्यूनीकरण गर्न नसके पनि समयमै उपयुक्त सूचना प्रवाह गरेर मानवीय क्षति रोक्न सकिने उल्लेख गर्नुभयो। उहाँले बाढी विपत्को कारक मानिस नै रहेको बताउनुभयो। "पानी निकासको बाटो ब्लक भएको छ। त्यसले विपत्को सामना गर्नु परिरहेको छ," सार्कीले भन्नुभयो। कार्यक्रममा राष्ट्रिय विपत् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनबारे बुझाउने दायित्व पत्रकारको रहेको बताउनुभयो। उहाँले विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि बनेको नयाँ नीतिबारे मिडियाले जनतालाई बुझाउनुपर्ने उल्लेख गर्नुभयो। कार्यक्रममा कैलालीका प्रमुख जिल्ला अधिकारी गोगन बहादुर हमालले विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनमा पत्रकारले सशक्त भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। राष्ट्रिय विपत् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र आन्तरिक मामिला तथा कानुन मन्त्रनलयले आयोजना गरेको सबलीकरण कार्यक्रममा कैलाली र कञ्चनपुरमा कार्यरत पत्रकारको सहभागिता छ। मर्सिकोरको व्यवस्थापनमा भइरहेको कार्यक्रम दुई दिनसम्म चल्ने छ।

# बाँकेमा हात्तीपाइले रोगविरुद्धको अभियान सुस्त



■ नमस्ते समचारदाता

बाँके, फागुन/१६

बाँकेमा १३ पटकसम्म औषधी खुवाउने अभियान सञ्चालन गरेपनि प्रभावकारी नभएपछि १४ औं पटक सुरु गरिएको हात्तीपाइले रोगविरुद्धको आम औषधी सेवन कार्यक्रम सुस्त गतिमा चलिरहेको छ। नेपालगन्ज उपमहानगर, नरैनापुर गाउँपालिका र बैजनाथ गाउँपालिकाको एउटा वडामा सञ्चालन गरिएको हात्तीपाइले रोगविरुद्धको आम औषधी सेवन कार्यक्रम यस पटक पनि सफल हुने कुरामा निकै चुनौती देखिएको स्वास्थ्यकर्मीहरुले जनाएका छन्। स्वास्थ्य कार्यालय बाँकेका किटजन्य रोग फोकल पर्सन दुर्गा गौतमले जनप्रतिनिधिहरुले नै सहयोग नगरेकोले अभियान सफल पार्न निकै चुनौती उत्पन्न भएको बताउनुभयो। उहाँले फेरी नेपालगन्जमानै सबैभन्दा ठुलो चुनौती देखिएको जनाउँदै अधिकांश जनप्रतिनिधिले सहयोग नगरेको गुनासो गर्नुभयो। उता, नरैनापुर गाउँपालिकाका अनुसार अभियानको ८औं दिनसम्म ४४.६ प्रतिशत जनसंख्याले औषधी सेवन गरेका छन्। पालिकाका स्वास्थ्य संयोजक नगेन्द्रकुमार शाहले अहिलेसम्म नरैनापुरमा १८ हजार ३६ जनाले औषधी खाएको जनाउँदै यसलाई ८० प्रतिशत पुर्याउने अभियानमा आफुहरु लागेको बताउनुभयो। नरैनापुर गाउँपालिका अध्यक्ष इस्तियाक अहमद शाहका अनुसार सरकारले हरेक वर्ष करोडौं रुपियाँ यो अभियानमा खर्च गरेपनि लक्षित वर्गले औषधी नखाँदा अभियान प्रभावकारी हुन सकेको छैन। उहाँले ग्रामीण भेगको तुलनामा शहरी क्षेत्रमा औषधीप्रति भ्रम बढी रहेको र शिक्षित वर्गले नै औषधी नखाने गरेको बताउनुभयो। स्वास्थ्य कार्यालय बाँकेका प्रमुख अंगद बहादुर शाहीका अनुसार यस पटकको अभियानअन्तर्गत बाँकेका दुई पालिका र एक वडामा दुई लाख ५७ हजार जनालाई औषधी खुवाउने लक्ष्य राखिएको छ। उहाँले औषधी सेवन गराउन स्वास्थ्य मन्त्रालय, विश्व स्वास्थ्य सङ्गठन र स्थानीय स्वास्थ्यकर्मीहरू सक्रिय रहेपनि अपेक्षित परिणाम आउन नसकेको देखिएको बताउनुभयो। नेपालगन्जका धार्मिक संस्था र अगुवाहरुले औषधी सेवन गरेर देखाउँदा पनि समुदायमा सो अभियान प्रभावकारी बन्न सकेको छैन। यसैबिच नेपालगन्जमा दारुल उलुम फैजुन्नबी जामा मस्जिदमा धर्मगुरुहरूलाई औषधी खुवाइएको छ। मस्जिदका अध्यक्ष अब्दुल रहमान मियाँ र मुफ्ती जाफर रजाले सबैलाई औषधी सेवन गर्न आग्रह गर्नु भएको छ। यसअघि १३ पटकसम्म औषधी खुवाउने अभियान असफल भएपछि यस पटक बाँके जिल्लामा मात्रै १४ औं पटक सो अभियान सञ्चालन गरिएको छ। यस पटक ८० प्रतिशतले औषधी खाएनन् भने नेपाललाई सन २०३० सालमा हात्तीपाइले रोग मुक्त घोषणा गर्न सम्भव नहुने इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका वरिष्ठ जनस्वास्थ्य अधिकृत रामकुमार महतोले बताउनुभयो। नेपालमा सन् २००३ देखि हात्तीपाइले रोगविरुद्धको औषधी खुवाउन थालिएको हो। सन् २०२० मा यो अभियान १३ जिल्लामा सीमित रह्यो। बाँकेमा सन् २०१० (वि.सं. २०६७) देखि अभियान सुरु भए पनि अहिलेसम्म लक्ष्य पूरा हुन सकेको छैन।

## क्रिकिट्या गाउँको बाध्यता

# चार कक्षाभन्दा माथि अध्ययन गर्न मुस्किल

■ नमस्ते समचारदाता

बझाङ, फागुन/१६



जिल्लाको उत्तरी क्षेत्रमा पर्ने तलकोट गाउँपालिका- ३ को दुर्गम बस्ती क्रिकिट्या गाउँका नागरिक स्वास्थ्य सेवाबाट मात्रै नभएर शिक्षाबाट समेत बन्चित हुनुपरेको छ। १८ परिवार बसोबास गर्ने यहाँका नागरिकका बालबालिका शिक्षाको पहुँचबाट टाढा रहेका छन्। पालिकाको बिकट बस्तीका रुपमा रहेको क्रिकिट्या गाउँमा शिशु कक्षादेखि ३ कक्षासम्म अध्यायन गर्नका लागि गाउँमा नै विद्यालय रहेको भए पनि ३ कक्षा पास भएपछी भने बालबालिकालाई अध्यायन गर्न मुस्किल हुने गरेको स्थानीयले दुखेसो छ। गाउँमा रहेको शैनकालिका आधारभूत विद्यालयमा अहिले ३० जना बालबालिका अध्यनरत छन्। तर बालबालिकालाई बस्नका लागि उचित ठाउँ नहुँदा स्थानीयको घर भाडामा लिएर लामो समयदेखि पढन पाठन हुँदै आएको स्थानीयको भनाइ छ। शैनकालिका आधारभूत विद्यालयमा अध्ययन गर्ने अधिकांश बालिबालिका कक्षा ३ सम्म मात्रै अध्ययन गर्ने गरेका र पछि बिचमै पढाई छोड्नु पर्ने बाध्यता रहेको छ। गाउँ नजिकै अर्को विद्यालय नभएका कारण कक्षा ३ सम्म मात्रै अध्ययन गरेर छोड्नु परेको स्थानीय दिनेश बोहराले बताउनुभयो। उहाँले भन्नुभयो, "यस गाउँबाट अर्को विद्यालयसम्म पुग्नका लागि ३ घण्टा पैदल यात्रा गर्नुपर्छ। फेरी बाटो जङ्गलको भएका कारण बालबालिकाहरुलाई एक्लै पठाउन जस्तो पनि हुदैन। जङ्गलको बाटोमा बाघ भालु तथा अन्य जङ्गली जनावरको समेत डर हुने भएका कारण गाउँकै विद्यालयमा आफ्ना छोराछोरीलाई ३ कक्षासम्म मात्रै अध्यायन गराउने गरेका छौं। माथिल्लो कक्षा धेरै जस्तो बालबालिकाले अध्यायन गर्न पाएका छैनन्।" उहाँका अनुसार गाउँका केही स्थानीय बासिन्दाहरु वडा नम्बर ३ को अमर निमाविमा पठाउने गरेका छन्। उनीहरु घर नआएर उतै आफन्तकोमै बसेर पढाउने गरेको समेत बोहराको भनाइ छ। तर आयस्रोत नभएका परिवारहरुले भने गाउँकै विद्यालयमा ३ कक्षासम्म पढाउने र त्यसपछि बालबालिकाहरुलाई विद्यालय नपठाउने गरेको समेत बुझिएको छ। स्थानीय सुर्ति बोहराले आफ्ना तीन जना छोराछोरीलाई कक्षा ३ सम्म गाउँकै विद्यालयमा पढाएको र त्यसपछिको रुपातोलामा फुपुको घरमा डेरा गराएर पढाइरहेको जानकारी दिनुभयो। अन्य अभिभावकले पनि आफ्ना छोराछोरी गाउँकै विद्यालयमा पढाउने र पछि टाढाको विद्यालय नभएका कारण विद्यालय जानबाट बन्चित गराउने गरेको उहाँको भनाइ छ। यो गाउँमा कक्षा ३ सम्म अध्ययन गरे विद्यालय छोडेका १३-१४ जना भन्दा बढी बालबालिका रहेको स्थानीय बोहराले बताउनुभयो।

**नाम मात्रैको विद्यालय**

गाउँमै रहेको शैनकालिका आधारभूत विद्यालय नाम मात्रैको रहेको यहाँका स्थानीयको भनाइ छ। ३० जना अध्ययनरत यस विद्यालयमा सामान्य साईनबोर्ड समेत छैन। गाउँकै व्यक्तिको घर भाडामा लिएर विद्यालय सञ्चालनमा रहेको छ। यस विद्यालयमा दुई जना शिक्षक रहेका छन्। विद्यार्थीका लागि ताक्लकोट सडकखण्ड निर्माण गर्ने क्रममा स्काइभेटर लगाएर सामान्य खेल मैदान निर्माण गरिएको भएपनि बालबालिकालाई खेल्न उचित मैदान समेत नभएको अविभावको भनाइ छ। ढुङ्गा नै ढुङ्गा रहेको यस विद्यालमा अध्ययनरत बालबालिकाहरुका लागि दुई कोठे टिनको टहरा पालिकाको पहलमा निर्माण गरिएको छ। त्यस्तै, शिक्षकको तलब समेत गाउँलेहरुले चन्दा सङ्कलन गरेर दिनुपरेको छ। मासिक दश हजार दिने गरी शिक्षकले बालबालिकालाई अध्यापन गराउने र उक्त शिक्षकको तलब विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अविभावले चन्दा सङ्कलन गरी दिनुपरेको दुखेसो स्थानीय सुर्ति बोहराले बताउनुभयो। यता तलकोट गाउँपालिकाका शिक्षा अधिकृत हरिन्द्र उपाध्यायले गाउँमा स-साना बालबालिकाहरुका लागि पालिकाले बाल कक्षाको अनुमति गत वर्ष मात्रै दिएको बताउनुभयो। उहाँले गत वर्ष डेढ लाख बजेट विनियोजन गरी टिनकको टहरा निर्माण गरेर अध्यापन गराउन पालिकाले निर्णय गरेको समेत जानकारी दिनुभयो।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

# महिनौँपछि पानी पर्दा किसान खुसी

■ नमस्ते समचारदाता

मुगु, फागुन/१६



मुगुमा लामो समयपछि पानी पर्दा किसान खुसी भएका छन् । लामो समयपछि बिहीबारबाट वर्षा हुँदा किसान खुसी भएका हुन् । बिहान ४ बजेबाट पानी परेसँगै मौसम अन्धकार बनेको छ। पानी परेसँगै जिल्लामा विद्येत् सेवा अवरुद्ध भएको छ । लामो समयपछि पानी पर्दा बाँझो जमिन खनजोत गर्न तथा कार्तिके बाली कोदो, मकै छर्नका लागि खेतबारीमा हलो लगाउन सजिलो हुने छायाँनाथ रारा नगरपालिका वडा नं ७ का किसान विर्ष बहादुर रावलले बताउनुभयो । आकाशे पानीको सिँचाइले फलफूल खेती र तरकारीमा राम्रो उत्पादन हुने हुँदा कृषक खुसी भएको स्थानीय रामलाल बिटालुले बताउनुभयो । उहाँले भन्नुभयो पानी परेपछि थुप्रै ठाउँमा भइरहेको आगलागीसमेत नियन्त्रणमा आउनेछ। असोजयता पानी नपरेपछि यो वर्ष हिउँदे खेतीमा नराम्रो असर परेको छ भने बर्खे खेती लगाउन पनि असर परेको छ ।

# हुम्ला खण्डमा छ वटा पक्की पुल बन्ने

■ नमस्ते समचारदाता

हुम्ला, फागुन/१६



कर्णाली कोरिडोरको हुम्ला खण्डको सलीसल्लादेखि स्याम्नेसम्म छ वटा पक्की पुल निर्माण हुने भएका छन् । हाल यो खण्डका खोलामा यातायातका साधन खोला तरेर वारपार गर्ने भएका कारण हिल्सा-सिमकोट सडक आयोजनाले पक्की पुल निर्माण गर्ने भएको हो । सडकको अवस्था हेर्न सलीसल्ला पुग्नुभएका आयोजनाका योजना प्रमुख बलबहादुर नेपालीले सर्केगाड र चंखेली गाउँपालिकाको सिमाना सलीसल्लादेखि सिमकोट गाउँपालिका-४ को स्याम्ने खोलासम्मको ५० किलोमिटर सडकको दुरीमा पर्ने छ वटा खोलामा पक्की पुल निर्माण हुने बताउनुभयो । यी सबै खोलामा हाल पुल निर्माण नभएका कारण यातायातका साधनले खोला तरेर वारपार गरिरहेका छन् । बर्खायाममा ती खोलामा पानी बढ्ने भएका कारण तर्न पनि कठिन हुने भएकाले अब पक्की पुल निर्माण प्रक्रिया अगाडि बढेको उहाँले बताउनुभयो । पक्की पुल निर्माण हुने खोलामा सिमकोट गाउँपालिकाको स्याम्नेमा ५५ मिटर लम्बाइको पुल बन्ने छ भने खार्पुनाथ गाउँपालिकाको केन्द्र याङ्चुखोलामा २२ मिटर लम्बाइको पुल निर्माण हुने छ । यता खार्पुनाथ गाउँपालिकाकै सुनाखाडा खोलामा एक सय मिटर लामो पुल निर्माण हुने छ । त्यसै गरी सर्केगाड गाउँपालिकाको गिउसीखोलामा तिस मिटर लामो पुल बन्ने छ भने ठेलीखोलामा तिस मिटरको पुल निर्माण हुने छ । सर्केगाड गाउँपालिकाको केन्द्र सर्केगाडमा ४० मिटर लामो पक्की पुल निर्माण हुने छ । सर्केगाड खोला ठुलो भएका कारण साना सवारीसाधन काठेपुल तर्दै आएका छन् । प्रमुख नेपालीले सम्भाव्यता अध्ययन गरेर विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार हुने बताउनुभयो । आगामी आर्थिक वर्षमा यी छ वटै पुल निर्माणका लागि बजेटको व्यवस्था हुने र ठेक्का समेत लाग्ने निश्चित भएको उहाँले बताउनुभयो । कोरिडोरको यो खण्डमा सलीसल्लामा बेलिब्रिज निर्माण गरिएको छ भने खार्पुको दोजाम कर्णाली नदीमाथि पक्की पुल निर्माणाधीन अवस्थामा रहेको छ । गाडीचालक निमा लामाले नयाँ पक्की पुल बन्न लागेकोमा खुसी व्यक्त गर्दै अब यातायातका साधनलाई खोला तर्नुपर्ने बाध्यता चाँडै अन्त्य हुने विश्वास व्यक्त गर्नुभयो। खोला तर्नाले अधिकांश यातायातका साधनको मेसिनमा समस्या आउने गरेको छ।

# अछामको कमलबजार विमानस्थल आज उद्घाटन

■ नमस्ते समचारदाता

अछाम, फागुन/१६



अछामको कमलबजार विमानस्थलको आज उद्घाटन हुने भएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय बद्री प्रसाद पाण्डेले आज एक कार्यक्रमका बिच विमानस्थलको उद्घाटन गर्नुहुने भएको छ । शुक्रवार मध्यान्न १२ बजे विमानस्थलको उद्घाटन गर्ने तयारी रहेको कमलबजार नगरपालिकाका नगरप्रमुख यज्ञप्रसाद ढकालले जानकारी दिनुभयो । यसै वर्षको पुस १३ गते परीक्षण उडान सम्पन्न भएपश्चात् नियमित उडानका लागि तयारी गरिएको छ । कमलबजारदेखि नेपालगन्ज र काठमाडौँका लागि तारा एयरसँग सम्झौता भएको नगरप्रमुख ढकालको भनाइ छ । उहाँका अनुसार फागुन २५ गतेदेखि कमलबजार नेपालगन्ज नियमित उडान सञ्चालन हुनेछ ।

# परदेशतिरै बसोबास गर्नेको संख्या वृद्धि

■ नमस्ते समचारदाता

सुर्खेत, फागुन/१६



कर्णाली प्रदेशबाट अक्सर विदेशमै बस्नेको जनसंख्या ठुलो देखिएको छ। राष्ट्रिय जनगणना-२०७८ अनुसार कर्णालीका ९४ हजार ३२० जना अक्सर विदेशमा बसोबास गर्ने गरेको पाइएको हो। जसमा ७७ हजार २७८ जना पुरुष छन् भने १७ हजार ४२ महिला छन्। परदेशतिरै बसोबास गर्ने जनसंख्या पनि पछिल्लो दशकमा वृद्धि भएको छ। २०६८ मा ६७ हजार ५८२ जना परिवार भन्दा बाहिर बसोबास गरेको तथ्याङ्क थियो भने १० वर्षमा उक्त सङ्ख्या २६ हजार ७३८ ले बढेको छ । कर्णालीमा चरम बेरोजगारी छ । सरकारी नीति कार्यक्रम र बजेटमा बेरोजगारको समस्याले प्राथमिकता पाए पनि कार्यान्वयन फितलो छ । त्यस्ता कार्यक्रमको प्रभावकारिता निकै न्यून छ। जसले गर्दा कर्णालीमा बेरोजगारको सङ्ख्या बर्सेनि बढ्दो छ। यहाँका अधिकांश युवालाई देशभित्रकै ठुला सहर, भारत वा तेस्रो मुलुक नगई जीवन धान्न मुस्किल हुन्छ। हजारौँ नागरिकले आफ्नो ऊर्जाशील समय भारतमा श्रम गरेर बिताइरहेका छन्। परिवारको गर्जो टार्न रोजगारीका लागि देशभित्र भौँतारिनेको संख्या पनि उस्तै छ। उब्जनी हुने पर्याप्त जमिन र गाउँमै रोजगारीका अवसर नभएपछि युवा जनशक्ति कामको खोजीमा भारत (कालापहाड) र खाडी मुलुकमा जाने गरेका हुन् । विकराल बेरोजगारी समस्या न्यूनीकरणका लागि सरकारी निकायले भने वार्षिक अर्बौं बजेट खर्च गरिरहेका छन् । तीन वटै तहका सरकारले सञ्चालन गर्दै आएका बेरोजगार लक्षित कार्यक्रमले भने उनीहरूको समस्या सम्बोधन गर्न सकेका छैनन् । ती कार्यक्रमले केही संख्यालाई मात्र त्यो पनि छोटो अवधिको रोजगारी दिइरहेका छन् ।

**पलायन रोक्ने कार्यक्रम ओझेलमा**

कर्णाली प्रदेश सरकारले ल्याएका अधिकांश कार्यक्रम पूर्वाधार केन्द्रित छन्। सडक र ठुला भवनमा मात्र लगानी धेरै छ । स्थानीय उत्पादन तथा व्यवसाय प्रवर्धनमा सरकारले खासै चासो दिएको पाइँदैन । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा युवा विदेश पलायन रोक्ने कार्यक्रमको परिकल्पना गरिएको थियो । उक्त कार्यक्रम बजेटमा भने समेटिन सकेको छैन। विदेश जाने युवालाई रोक्ने र विदेशबाट फर्किएकालाई स्वदेशमै रोजगारी दिने कार्यक्रम ल्याइएको थियो । बजेट विनियोजन नहुँदा यो वर्ष उक्त कार्यक्रम कार्यान्वयन हुने छैन । विदेशबाट फर्किएका व्यक्तिले प्राप्त गरेको सिप, अनुभव, उद्योग तथा व्यवसाय प्रवर्धन कार्यक्रममार्फत कार्यान्वयन गर्ने योजना बनाइएको थियो । नीति तथा कार्यक्रममा समेटिएको उक्त योजना बजेटमा समावेश नहुँदा कार्यान्वयन हुन नसकेको हो । कर्णाली प्रदेश सरकारले युवालाई स्वदेशमै रोक्ने नीति अनुरूप उक्त कार्यक्रमको परिकल्पना गरेको छ। युवा विदेश पलायन रोक्ने कार्यक्रम राखिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ। यो वर्ष छुट्टै बजेटको व्यवस्था नगरे पनि अन्य कार्यक्रमसँग जोडेर कार्यक्रम कार्यान्वयन गरिने मन्त्रालयका सूचना अधिकारी कृष्णप्रसाद खरेलले बताउनुभयो । सरकारले युवालाई स्वदेशमै रोक्न सक्ने नीति ल्याउन नसक्ने हो भने मुलुकमा जनशक्तिको अभाव हुने सङ्केत देखिएको छ। त्यसका लागि सरकारले पर्यटन, कृषिलाई रोजगारीसँग जोड्न लागेको सूचना अधिकारी खरेलले जानकारी दिनुभयो । यसै गरी अघिल्लो सरकारले ल्याएको लोकप्रिय कार्यक्रम कार्यान्वयनमा अन्योल छाएको छ । निवर्तमान मुख्यमन्त्री राजकुमार शर्माको पालामा ल्याइएको 'कर्णाली समृद्धि परियोजना' कार्यान्वयनमा अन्योल छाएको हो । शर्माकै कार्यकालमा कार्यक्रम कार्यान्वयनमा आउन सकेको थिएन । कार्यक्रमको स्पष्ट खाका नहुँदा तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक ऐन निर्माण नहुँदा कार्यक्रम कार्यान्वयनमा आउन नसकेको हो । उक्त परियोजनालाई अहिलेको सरकारले अघि बढाउने भएको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर परियोजना अघि बढाउने भएको हो ।




जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके